# सूचना

कम्पनी संस्थापना, सञ्चालन तथा प्रशासन सम्बन्धी कार्यलाई सुगम, सरल र थप पारदर्शी बनाउन मिति २०८१/११/१९ गते देखि कम्पनी प्रशासन व्यवस्थापन सूचना प्रणाली CAMIS ( https://camis.ocr.gov.np/) लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको व्यहोरा विदितै छ। यस कार्यालयको सेवा प्रवाहका विषयलाई लिएर विभिन्न संचार माध्यमबाट पुष्टि हुन नसक्ने कपोकल्पित र भ्रामक समाचार प्रवाह भएको सम्बन्धमा यस कार्यालयको ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा कम्पनी प्रशासन सम्बन्धी सेवालाई थप प्रभावकारी, पारदर्शि र सेवाग्राहिमैत्री बनाउन Online प्रणाली मार्फत पहिलो निवेदनलाई पहिलो प्राथमिकता (First Come First Service) का आधारमा सेवा प्रवाह भईरहेको हुँदा सेवाग्राहिको कार्यालयमा भौतिक उपस्थिति आवश्यक नरहेको व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

सूचना अधिकारी
कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौं।